# कृषि उद्यम विकास कार्यक्रम सञ्चालन मापदण्ड, २०८२

*(मा. मन्त्रिस्तरबाट स्वीकृत मितिः २०८२।०५।१५)*
*(पहिलो संशोधन मितिः२०८३।०५।०९)*

**प्रस्तावनाः** कृषि उपजमा आधारित साना उद्यमको विकास गरी रोजगारी सिर्जना गर्ने र बाली उत्पादन उपरान्त हुने क्षतिलाई समेत न्यूनीकरण गरी प्रशोधित र स्वस्थकर खाद्य पदार्थ उपभोक्तालाई उपलब्ध गराउन टेवा पुऱ्याउने उद्देश्यले कृषि उद्यम विकास सम्बन्धी कार्यक्रम सञ्चालन गर्न "बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०८१" को दफा ४१ ले दिएको अधिकार प्रयोग गरी गण्डकी प्रदेश सरकार, कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयले यो मापदण्ड तयार गरेको छ।

**१. प्राविधिक पक्षः**

(१) कार्यक्रम सञ्चालन गर्न कृषि फर्म/कम्पनी, कृषक समूह तथा कृषि सहकारी संस्थाले प्रस्ताव पेस गर्न सक्नेछन्।

(२) यस कार्यक्रममार्फत कृषि उपजको ग्रेडिङ, प्याकेजिङ र लेबलिङ जस्ता मूल्य अभिवृद्धि गर्ने क्रियाकलाप सञ्चालन गर्नुपर्नेछ।

(३) प्रशोधित उपजको न्यूनतम गुणस्तर तथा प्रशोधन प्रविधि सम्बन्धित निकायले तोके अनुसार हुनेछ।

(४) सञ्चालन गर्न सकिने कार्यहरुः

(अ) गोलभेडाको सस र केचप बनाउने,

(आ) फलफूलको रस, जाम र जेली तयार गर्ने, सुकाएर प्याकेजिङ तथा लेबलिङ गर्ने,

(इ) विभिन्न किसिमका अचार तयार गर्ने,

(ई) कोदो, मकै, फापर, गहुँ, कागुनो, चिनो, जौ, लट्टे, उवाको पिठो तथा च्याख्ला तयार गरी प्याकिङ/प्याकेजिङ, लेबलिङ गर्ने,

(उ) दलहन तथा तेलहन बालीको प्रशोधन, प्याकिङ, लेबलिङ गर्ने,

(ऊ) महको प्रशोधन, प्याकिङ, लेबलिङ गर्ने,

(ऋ) बेसार, अदुवा, तेजपात, सितलचिनी, टिमुर, अलैंची आदिको धूलो, सुठो र सुख्खा प्याकिङ, लेबलिङ गर्ने,

(ऌ) ढिकीमा कुटेको चामल, बास्नादार चामल प्याकिङ, लेबलिङ गर्ने ,

(ए) च्याउ सुकाएर वा ताजा प्याकिङ, लेबलिङ गर्ने,

(ऐ) निहुरो, तामा, टुसाको प्रशोधन, प्याकिङ, लेबलिङ गर्ने,

(ओ) चिया, कफीको प्रशोधन, प्याकिङ, लेबलिङ गर्ने,

(औ) विभिन्न अन्नबाली र दलहनको मिश्रणबाट सर्वोतम पिठो तयार गरी प्याकिङ, लेबलिङ गर्ने,

(अं) *कृषि उपजको उपयुक्त प्रशोधन विधि अपनाई ग्रेडिङ, प्याकिङ, लेबलिङ तथा प्रयोगशाला परिक्षण जस्ता मूल्य अभिवृद्धि गर्ने अन्य क्रियाकलाप।

२. **<u>आर्थिक पक्षः</u>** स्वीकृत वार्षिक बजेटको परिधिभित्र रही देहायका कार्यको लागि कुल लागतको बढीमा ५० प्रतिशतसम्म अनुदान उपलव्ध गराईनेछ।

(१) कृषि उपजको प्रशोधन, प्याकेजिङ, लेबलिङ र बजारीकरणका लागि आवश्यक पर्ने मेसिनरी औजार, यन्त्र उपकरण र सामाग्री खरिद।

**(२)** αप्रशोधित खाद्यवस्तुको प्रयोगशाला परीक्षण शुल्क।

३. **प्रस्ताव मूल्याङ्कनका आधारहरुः**

| **क्र.सं.** | **मूल्याङ्कनका आधार** | **अङ्कभार** |
|---|---|---|
| **(१)** | **कच्चा पदार्थको उपलब्धता** | **३०** |
| (क) | आफ्नै उत्पादन मात्र प्रशोधन गर्ने | ३० |
| (ख) | आफ्नो मात्र उत्पादनले अपुग भई अन्यबाट खरिद गरी प्रशोधन गर्ने | २० |
| (ग) | आफ्नो उत्पादन नभएको तर अन्यबाट खरिद गरी प्रशोधन गर्ने | १० |
| **(२)** | **प्रत्यक्ष रोजगारी सिर्जना** | **२०** |
| (क) | ५ जना भन्दा बढी | २० |
| (ख) | ३ देखि ५ जना | १५ |
| (ग) | ३ जना भन्दा कम | १० |
| **(३)** | **उत्पादित वस्तुको बजार** | **१०** |
| (क) | बजारको सुनिश्चितता भएको | १० |
| (ख) | बजार खोज्नुपर्ने | ५ |
| **(४)** | **उद्यमको स्थिति** | **१०** |
| (क) | पुरानो उद्यमको क्षमता विस्तार | १० |
| (ख) | नयाँ स्थापना | ७ |
| **(५)** | **उद्यमको स्वामित्व** | **१०** |

* पहिलो संशोधनद्वारा संशोधित।

α पहिलो संशोधनद्वारा थप गरिएको।

| | | |
|---|---|---|
| (क) | कृषक समूह वा सहकारी संस्था | १० |
| (ख) | निजी फर्म वा कम्पनी | ७ |
| **(६)** | **अनुदानको अवस्था** | **१०** |
| (क) | हालसम्म कुनैपनि अनुदान प्राप्त नगरेको | १० |
| (ख) | पछिल्लो दुई आ.व. मा सोही प्रकृतिको कार्यको लागि अनुदान प्राप्त नगरेको | ७ |
| (ग) | पछिल्लो दुई आ.व. मा सोही प्रकृतिको कार्यको लागि अनुदान प्राप्त गरेतापनि व्यवसाय/क्षेत्र विस्तारका लागि प्रस्ताव पेश गरेको । | ४ |
| **(७)** | **व्यावसायिक योजना सम्बन्धी प्रस्ताव** (नवीनतम सोच, दिगोपना, बजार योजना लगायतका विषय तथा स्थलगत अनुगमन प्रतिवेदन समेतका आधारमा प्रस्ताव मूल्याङ्कन गरी १ देखि १० अङ्कसम्म प्रदान गर्न सक्ने) | **१०** |
| | **जम्मा** | **१००** |

४. **निवेदनसँग संलग्न गर्नुपर्ने कागजातहरुः**

(१) "बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०८१" को दफा १७ को उपदफा (३) बमोजिमका कागजातको अतिरिक्त देहायका कागजातहरु पेस गर्नुपर्नेछः

(क) समूह/सहकारीको बैठक निर्णयको प्रतिलिपि,

(ख) प्रस्तावित क्षेत्रको जग्गाधनी पूर्जाको प्रतिलिपि र जग्गा लिजमा लिई कार्यक्रम सञ्चालन गर्नेको हकमा न्यूनतम १० वर्षको करार सम्झौताको प्रतिलिपि।

(२) निवेदनको ढाँचा र कार्यक्रम प्रस्तावको ढाँचा "बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०८१" को दफा १७ को उपदफा (२) बमोजिमको हुनेछ।

**५. संशोधनः** मन्त्रालयले आवश्यकता अनुसार यो मापदण्ड संशोधन गर्न सक्नेछ।

६.**प्रचलित कानुन बमोजिम हुनेः** यो मापदण्डमा उल्लेख भएका विषयहरु यसै बमोजिम र अन्य विषयहरु प्रचलित कानुन बमोजिम हुनेछ।

७. **खारेजी र बचाउः** (१) ग्रामिण साना कृषि उद्यम विकास कार्यक्रम सञ्चालन मापदण्ड, २०७७ खारेज गरिएको छ।

(२) उपदफा (१) बमोजिमका मापदण्ड अनुसार भए गरेका काम कारबाही यसै मापदण्ड बमोजिम भए गरेको मानिनेछ।